NEPALI

Speech Pathology

# पुस्तक र छपाईको बारे सिक्ने (Learning about Books and Print)

छपाई जागरूकता (प्रिन्ट अवेरनेस) भनेको लिखित भाषाको कसरी अर्थ लाग्छ भन्ने बुझ्नु हो।
छपाई जागरूकता पछि पढ्न र साक्षरता विकासको लागि आवश्यक छ। यसले निम्न कुराहरू समावेश गर्छ:

- पुस्तकको अंशहरू थाहा पाउँने, जस्तै *खोल*, *पृष्ठहरु*, र *शीर्षक*,
- *शब्दहरु*, *अक्षरहरु*, र *वाक्य* के हो बुझ्ने र
- अक्षरहरुको बनावट कसरी गरिएको छ भनेर जान्ने, जस्तै *बाँयाबाट दायाँ*, र *माथिबाट तल*।

बच्चाहरुले छपाईको बारेमा वयस्कबाट, पुस्तकहरू साझा बाँडेर र उनीहरूको वरपरको संसारबाट सिक्छन्।

## छपाईको बारे कुरा गर्नुहोस्: पुस्तकहरू बाङ्नुहोस् र ध्वनी र शब्दहरूको कुरा गर्नुहोस्



### पुस्तकको अंशहरूको बारेमा कुरा गर्नुहोस्

सँगै बसेर पुस्तक पढ्नुहोस्। पुस्तकका आकृतिहरूको बारेमा कुरा गर्नुहोस्।

यस पुस्तकको *शीर्षक* को ...
हामी यहाँबाट *पढ्न शुरु गर्ने हो*
तिमीले मलाई *पृष्ठहरू पल्टाउन* मद्दत गर्न सक्छौ
यो *अन्तिम पाना* हो




### संकेत र चिन्ह (लोगो) को बारेमा कुरा गर्नुहोस्

घरमा लेखेका संकेतहरू र अक्षरहरू देखाउनुहोस्, जस्तै लेबल (टास्ने कागज) मा र पुस्तकहरूमा। बाहिर लेखेका बारेमा कुरा गर्नुहोस्, जस्तै भवनहरू, मेनूहरू र संकेतहरू।

यो *लेबलले भन्छ पास्ता*
त्यो *चिन्हले भन्छ बाहिर जाने*
त्यो *चिन्हको अर्थ हो गाडी रोक्ने ठाँउ*




### शब्द र अक्षरहरूको बारेमा कुरा गर्नुहोस्

तपाईले आफ्नो दिनमा देख्नु हुने शब्दहरू र अक्षरहरूको बारेमा कुरा गर्नुहोस्।

यो *शब्द हो घोडा*
यो शब्द *तिम्रो नामको त्यही अक्षर*बाट शुरु हुन्छ
यो *ठूलो (मोटो) अक्षर* हो
यी शब्दहरु *एउटै ध्वनिबाट शुरू हुन्छन्*

Health
Western NSW
Local Health District

पश्चिमी एनएसडब्ल्यू एलएचडी स्पीच पैथोलॉजी ह्यान्डआउट्स क्रिएटिव कॉमन्स एट्रिब्युसन नन-कमर्शियल नो डेरिभ्स 3.0 अनपोर्टेड लाइसेन्स् अन्तर्गत प्रतिलिपि गर्न सकिन्छ। सिर्जनाकर्ता: क्याट्रिना रोहर, MSLP, बाथर्स्ट सामुदायिक स्वास्थ्य केन्द्र। फोटोहरू पिक्सबेबाट (https://pixabay.com/en/photos/) लिईएका हुन् र CC0 क्रिएटिव कमन्स लाइसेन्स मार्फत निःशुल्क उपलब्ध छन्। रोहर, के र 'वेटिंग फपर स्पीच पैथोलॉजी' टोली। (2018)। *'लर्निंग अवाउट बुक्स एण्ड प्रिन्ट'*: बाथर्स्ट बाथर्स्ट, अष्ट्रेलिया: पश्चिमी एनएसडब्ल्यू स्थानीय स्वास्थ्य जिल्ला। https://wnswlhd.health.nsw.gov.au/Pages/Waiting-For-Speech-Pathology.aspx बाट प्राप्त।